# नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अध्यादेश

**प्रस्तावना**: नेपाल सरकारको आर्थिक वर्ष २०६९/०७० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजश्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छूट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानून संशोधन गर्ने सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस अध्यादेशको नाम "आर्थिक अध्यादेश, २०६९" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०६९/०७० को राजश्व सङ्कलन तथा अन्य व्यवस्था**: आर्थिक वर्ष २०६९/०७० को निमित्त राजश्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छूट दिने, राजश्व प्रशासन सम्बन्धी कानूनको संशोधन तथा अन्य व्यवस्था आर्थिक ऐन, २०६८ बमोजिम हुनेछ ।

नेपाल कानून आयोग